# मेलम्ची नगर कार्यपालिकाको मिति २०७४ फाल्गुन २५ गतेको बैठकको निर्णयहरु

**निर्णय नं. १ :**

यस मेलम्ची नगरपालिकाको नगरसभाबाट स्वीकृत भएको नक्शा दररेटको सन्दर्भमा नक्शा पास सम्बन्धि राजस्वका केही दररेटहरू छुट हुन गएको हुँदा तपशिल बमोजिमका शिर्षकहरुमा तपशिल बमोजिमका दररेटहरू कायम गर्न राजस्व परामर्श समितिको मिति २०७४।११।२५ गतेको वैठकबाट सिफारिस भई आएको हुँदा आगामी नगरसभाबाट अनुमोदन हुनेगरी उल्लेखित दररेट लागु गर्ने निर्णय गरियो ।

तपशिल

(१) आवासीय तथा ब्यापारिक भवन

(क) "क" वर्गको प्रति वर्ग फिट रू. २०।-

(ख) "ख" वर्गको प्रति वर्ग फिट रू. १५।-

(ग) "ग" वर्गको प्रति वर्ग फिट रू. १०।-

(घ) "घ" वर्गको प्रति वर्ग फिट रू. ५।-

(२) नक्शा फेरबदर दस्तुर रू. १,०००।-

(३) घरको मोहडा परिवर्तन दस्तुर रू. १,०००।-

(४) तला थप निवेदन दस्तुर रू. २,०००।-

**निर्णय नं. २ :**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा भएको ब्यवस्था बमोजिम "घ" वर्गको निर्माण ब्यवसायी इजाजत दर्ता, नवीकरण तथा खारेजी गर्ने अधिकार सम्बन्धित स्थानीय तहमा रहेको र सोही ब्यवस्था बमोजिम जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकबाट मेलम्ची नगरपालिका अन्तर्गत ठेगाना कायम गरी दर्ता तथा नवीकरण भएका इजाजत फाइलहरू प्राप्त भएको र उक्त इजाजत दर्ता, नवीकरणका लागि यस कार्यालयबाट दररेट निर्धारण नभएको हुँदा तत्काललाई देहाय बमोजिमको दररेट कायम गर्न राजस्व परामर्श समितिको मिति २०७४।११।२५ गतेको वैठकबाट सिफारिस भई आएको हुँदा आगामी नगरसभाबाट अनुमोदन हुनेगरी उल्लेखित दररेट लागु गर्ने निर्णय गरियो ।

तपशलि

(क) इजाजत दर्ता दस्तुर रू. १०,०००।-

(ख) इजाजत नवीकरण दस्तुर रू. ५०००।- (आश्विन मसान्तसम्म)

(ग) इजाजत जरिवाना दस्तुर रू. ५०००।- (चैत्र मसान्तसम्म)

**निर्णय नं. ३ :**

यस मेलम्ची नगरपालिका अन्तर्गत पशु शाखाबाट संचालन गरिने प्राविधिक सेवा अन्तर्गत देहायका सेवामा देहाय बमोजिमको दस्तुर कायम गर्न राजस्व परामर्श समितिको मिति २०७४।११।२५ गतेको वैठकबाट सिफारिस भई आएको हुँदा आगामी नगरसभाबाट अनुमोदन हुनेगरी उल्लेखित दररेट लागु गर्ने निर्णय गरियो ।

तपशिल

(क) बोका तथा बंगुरको स्थायी बन्ध्याकरण शुल्क रू. ५०।-

(ख) गोरूको स्थायी बन्ध्याकरण शुल्क रू. २००।-

(ग) सामान्य पशु उपचार परामर्श : निशुल्क

**निर्णय नं. ४ :**

जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा दर्ता कायम भएको गुड् ह्याण्डस् नेपाल नामक गैर सरकारी संस्थाबाट यस मेलम्ची नगरपालिका अन्तर्गत वडा नं. ११ धुसेनीचौरको श्री महेन्द्रप्रिया आधारभूत विद्यालय र वडा नं. १३ नेपालथोक स्थित फटकशिलाको श्री पब्लिक आधारभूत विद्यालयको भूकम्पबाट क्षतिग्रस्त भएका भवनहरूको पुनर्निर्माण गर्ने कार्यक्रम कार्यान्वयन गर्नको लागि सिफारिस माग भएको हुँदा यस मेलम्ची नगरपालिका कार्यालयको समन्वयमा रही कार्य गर्ने गरी सिफारिस प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

यस मेलम्ची नगरपालिका अन्तर्गत रहेका मोटरबाटो निर्माण गर्नको लागि तपशिल बमोजिमको बजेट विनियोजन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

१. मिलनचोक हुँदै फलाम जाने मोटर बाटो रू. २,००,०००।- (मेलम्ची न.पा. वडा नं. १०)
२. बराबोट हुँदै खानी पहिरो भञ्ज्याङ्ग मोटर बाटो रू. ३,००,०००।- (मेलम्ची न.पा. वडा नं. ८)

**निर्णय नं. ६ :**

मेलम्ची नगरपालिका स्थित मेलम्ची यूवा क्लब, मेलम्ची, सिन्धुपाल्चोकको आयोजनामा मिति २०७४ चैत्र १५ देखि १८ गतेसम्म संचालन हुने जिल्ला स्तरीय खुल्ला मेयरकप भलिबल प्रतियोगिता- २०७४ को लागि बजेट माग भएको हुँदा उक्त जिल्ला स्तरीय मेयर कप भलिबल प्रतियोगिता संचालन गर्नको लागि नगर सभाबाट स्वीकृत भएको खेलकुद शिर्षकको बजेटबाट खर्च हुने गरी रू. १३,००,०००।- (अक्षरूपी तेह्र लाख रूपैयाँ मात्र) सम्बन्धित संस्थालाई उपलब्ध गराउँने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

हेलम्बु यातायात सेवा समितिको च.नं. २१५ मिति २०७४।११।१० को पत्रबाट यस मेलम्ची नगरपालिका अन्तर्गत पार्किङ्ग व्यवस्थापन गर्नको लागि शुल्क, दर रेट कायम गरिदिन लेखि आएको हुँदा उल्लेखित पार्किङ्ग व्यवस्थापनको लागि देहाय बमोजिम दररेट कायम गर्ने निर्णय गरियो

तपशिल

१. हेभी ट्रक प्रवेश शुल्क रू. २००।-
२. बस/ट्रक/ट्रिपर प्रवेश शुल्क रू. १००।-
३. मिनी ट्रक प्रवेश शुल्क रू. ७०।-
४. चार पांग्रे सवारी साधन प्रवेश शुल्क रू. ३०।-

**निर्णय नं. ८ :**

यस मेलम्ची नगरपालिका वडा नं. ५ सिन्धुकोट स्थित तल्लो घ्याङ क्याङसाम टोल खानेपानी समितिबाट खानेपानी व्यवस्थाको लागि आर्थिक सहयोग उपलब्ध गराइदिन लेखि आएको हुँदा उक्त खानेपानी योजनाको स्थलगत अध्ययन गरी लागत अनुमान पेश गर्न प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो ।